# चौतारा साँगाचोकगढी नगरपालिकाको बिउ उत्पादन केन्द्र स्थापना कार्यविधि, २०७९

**स्वीकृत मिति : २०७९/०४/३१ गते**

**प्रस्तावना :**

चौतारा साँगाचोकगढी नगरपालिकामा दर्ता भई संचालनमा रहेका कृषक समुह, कृषि सहकारीहरुद्धारा यस नगरपालिका भित्र बिउ उत्पादन गरी सहज रुपमा कृषकहरुलाई बिउको आपुर्ति गरि कृषि बालीको लागि आवश्यक परेको समयमा बिउ उपलब्ध गराई यस नगरपालिका भित्र भएका कृषकहरुको आय स्तरमा सुधार ल्याउने उद्देश्यका साथ कार्यविधि तयार गरि लागू गर्न आवश्यक देखिएकोले यो कार्यविधि तयार गरि लागू गरिएको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यो कार्यविधिको नाम चौतारा साँगाचोकगढी नगरपालिकाको **बिउ उत्पादन केन्द्र स्थापना कार्यविधि, २०७९** रहेको छ।

२. यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ।

३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ लाई सम्झनु पर्दछ।

(ख) समुह भन्नाले साझा उद्देश्य लिई विधान निर्माण गरी स्थानिय कृषि विकास शाखामा कानूनी रुपले दर्ता भएको सस्था सम्झनु पर्दछ।

(ग) सहकारी भन्नाले सहकारी ऐन २०७४ अनुसार गठन भएको संस्था सम्झनु पर्दछ।

(घ) बिउ उत्पादन केन्द्र स्थापना भन्नाले विभिन्न बाली तथा जातहरुको उन्नत बिउ उत्पादन गर्न प्राविधिक तथा भौतिक पूर्वाधारले योग्य देखिएको क्षेत्र सम्झनु पर्दछ ।

ङ) बिउ भन्नाले भ्रुण विरुवा, खाद्य पदार्थ र सुरक्षात्मक आवरण भएका परिपक्क ओभ्युल वा यौनिक वा बनस्पातिक तरिकाले पुनरोत्पादन गरी बाली उत्पादन गर्नका लागि छर्ने वा रोप्ने काममा प्रयोग गर्न सकिने विउ विजन वा बीज सम्झनु पर्छ।

## परिच्छेद–२
## बिउ उत्पादन केन्द्र स्थापना कार्यक्रम

४. **बिउ उत्पादन केन्द्र स्थापना** कार्यक्रमको ढाँचाः चौतारा साँगाचोकगढी नगरपालिकामा दर्ता भई संचालनमा रहेका कृषक समुह र कृषि सहकारीहरुद्धारा यस नगरपालिका भित्र बिउ उत्पादन गरी सहज रुपमा कृषकहरुलाई बिउको आपुर्ति गरि कृषि बालीको लागि आवश्यक परेको समयमा बिउ उपलब्ध गराई यस नगरपालिका भित्र भएका कृषकहरुको आय स्तरमा सुधार ल्याउने उद्देश्यका साथ कार्यविधि तयार गरि लागू गर्न आवश्यक देखिएकोले यस कार्यविधि बमोजिम बिउ उत्पादन केन्द्र स्थापना गर्ने गरि निम्नानुसार कार्यक्रम संचालन गरिने छ।

(१) यस नगरपालिका भित्रका बिउ उत्पादक कृषक समुह र कृषि सहकारी संस्था मार्फत कार्यक्रम संचालन गरिने छ।

(२) बिउ उत्पादक कृषक समुह र कृषि सहकारी संस्थाको बिउ उत्पादन स्थल, गोदाम घर, प्राविधिक जनशक्ति, बिउ सुकाउने खलो लगायत बिउलाई निश्चित समय सम्म गुणस्तर राख्न आवश्यक अन्य पूर्वाधारको आधारमा कार्यक्रम उपलब्ध गरिने छ ।

(३) बिउ उत्पादन अनुमति प्राप्त संस्थालाई प्राथमिकता दिइनेछ ।

(४) बिउ उत्पादन केन्द्र स्थापना गर्ने स्थल तोकिएको बाली अनुसार प्राविधिक हिसावले बिउ उत्पादनका लागि प्रमाणित भएको हुनुपर्नेछ ।

## परिच्छेद–३
## कार्यक्रम संचालन

**५.** प्रस्ताव माग गर्ने : विउ उत्पादन क्षेत्रको आधारमा कृषक समुह र सहकारीहरुबाट प्रस्ताव माग गर्ने ।

६. प्राप्त प्रस्तावहरु मध्य प्राविधिक उपयुक्तताको आधारमा कृषक समुह र सहकारीहरु छनौट गर्ने ।

७. कार्यक्रम छनौटः कार्यक्रम छनौट गर्दा कार्यविधि अनुरुप मापदण्ड पुगेका कृषक समुह र कृषि सहकारी संस्थालाई मात्र कार्यक्रममा सहभागी गरिनेछ । छनौटको लागि निम्नानुसारको छनौट समिति हुनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| कृषि विकास शाखाको प्राविधिक | सदस्य |
| सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

८. यसरी छनौट भएका कृषक समुह र कृषि सहकारी संस्थाहरुले निम्नानुसारका प्रमाणहरु पेश भए पश्चात् मूल्यांकन गरिने छ :

(क) बिउ उत्पादन केन्द्र स्थापना गर्ने समितिको निर्णय प्रतिलिपी

(ख) कृषक समुह/कृषि सहकारीको वार्षिक लेखा परीक्षण प्रतिवेदन

(ग) कर चुक्ता प्रमाण पत्र प्रतिलिपी,

(घ) कृषक समुह/सहकारी दर्ता प्रमाण पत्र प्रतिलिपी,

(ङ) बिउ उत्पादन अनुमति प्राप्त प्रमाण पत्र प्रतिलिपी,

(च) बिउ उत्पादन तथा उत्पादन पश्चात् बिउ व्यवस्थापन गर्नका लागि सकिने प्राविधिक तथा भौतिक आधार,

(छ) बिउ उत्पादन केन्द्र स्थापना गर्ने स्थल तोकी मापदण्ड अनुरुप जग्गाको लालपुर्जाको प्रतिलिपी ।

(ज) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

## परिच्छेद –४
## कार्यक्रम संचालन तथा व्यवस्थापन

९. यस कार्यविधि बमोजिम यस नगरपालिका भित्र संचालन हुने बिउ उत्पादन केन्द्र स्थापना कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन र निर्देशन नगरपालिकाद्धारा गरिने छ ।

१०. कार्यक्रमको व्यवस्थापन : चौतारा साँगाचोकगढी नगरपालिकाको स्वीकृत वार्षिक बजेटको सिमा भित्र रही कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन गरिनेछ ।

११. कार्यक्रमको अनुगमन,मूल्यांकन : कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नको लागि यस नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा नगरपालिकामा रहेको अनुगमन तथा मूल्यांकन समितिले यस कार्यक्रमको समेत अनुगमन गर्नेछ ।

| | |
|---|---|
| उप प्रमुख | संयोजक |
| आर्थिक विकास समितिका संयोजक | सदस्य |
| सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| सम्बन्धित शाखाको शाखा प्रमुख | सदस्य |
| योजना शाखाको शाखा प्रमुख | सदस्य सचिव |

## परिच्छेद–५
## बजेट व्यवस्था

१२. चौतारा साँगाचोकगढी नगरपालिकाले वार्षिक बजेटमा कार्यक्रम स्वीकृत भए वा नगर कार्यपालिकाको वैठकबाट निर्णय भएपछि मात्र यस्तो कार्यक्रम संचालन गरिने छ । यसरी विनियोजन भएको बजेट यस कार्यविधिको अधिनमा रही खर्च गरिनेछ ।

१३. यस कार्यविधिको परिधि भित्र रही नगरपालिकाबाट छनौटमा परेको कृषक समुह  सहकारी संस्थालाई एक मुष्ट वा सम्झौता अनुरुप कार्य सम्पादनका आधारमा दुई चरणमा स्वीकृत भए अनुसार बिउ उत्पादन केन्द्र स्थापना गर्नका लागि आवश्यक रकम नियमानुसार भुक्तानी गरिने छ । उक्त रकम असार मसान्त भित्र भुक्तानी लिई सक्नु पर्नेछ ।

१४. छनौट भएका समुह र सहकारीले विउ उत्पादन केन्द्र स्थापना अन्तर्गत गर्न सकिने कार्यक्रमहरु जस्तै मल, बिउ खरिद, तालिम, कृषि औजार खरिद, सिडबिन खरिद, प्याकेजिङ मेसिन खरिद, तौलने मेसिन खरिद तथा अन्य व्यवस्थापन कार्यमा खर्च गर्न सकिनेछ ।

१५. खर्चमा बन्देज : आर्थिक वर्षको वार्षिक बजेटमा कार्यक्रम समावेश नगरी वा नगर कार्यपालिकाको वैठकबाट कार्यक्रम स्वीकृत नगरी यस किसिमको खर्च गरिने छैन ।

१६. पारदर्शिता र उत्तरदायित्व : यस किसिमको कार्यक्रम संचालन गर्दा कार्यविधि अनुसार पारदर्शिता र उत्तरदायित्व कायम गरिनेछ ।

## परिच्छेद–६
## विविध

१७. बिउ उत्पादन केन्द्र स्थापना कार्यक्रमको सूचना व्यवस्थापन प्रणाली : यस किसिमबाट कार्यक्रम संचालन भएको सम्पूर्ण अभिलेख व्यवस्थापन अद्यावधिक गरि राखिनेछ ।

१८. कार्यविधि बमोजिम हुने : बिउ उत्पादन केन्द्र स्थापना कार्यक्रमको अनुदान रकम यसै बमोजिम बनेको कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

१९. थपघट वा हेरफेर तथा बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः चौतारा साँगाचोकगढी नगरपालिकाले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा अड्काउ फुकाउन वा कुनै द्धिविधालाई स्पष्ट गर्न आवश्यक निर्णय लिन सक्नेछ ।